# प्रभाव दैनिक
National Daily


पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ८४ | काठमाडौं | सोमबार, ३१ असार २०८१ | Prabhab National Daily | Monday, July 15, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


त्रिशूलीमा बेपत्ता यात्रुका आफन्तको गुनासो

# राज्यले सक्नेजति उद्धारमा जुटेन



चितवनको भरतपुर महानगरपालिका-२९ सिमलतालस्थित नारायणगढ-मुग्लिन सडकबाट त्रिशूली नदीमा बेपत्ता दुईवटा यात्रुवाहक बस र यात्रीको खोजी तथा उद्धार कार्यका लागि गोताखोरसहित परिचालित सुरक्षाकर्मी । *तस्बिर सौजन्यः नेपाली सेना*

- बेपत्ताका परिवारद्वारा गृहसचिवसँग विलौना
- आफ्नो परिवारका सदस्यहरूको छिटो खोजी गरिदिन आग्रह
- छिटोभन्दा छिटो उद्धार सामग्री उपलब्ध गराउने विषयमा काम भइरहेको गृहसचिवको भनाइ

**चितवन-** यही असार २८ गते बिहान नारायणगढ-मुग्लिन सडकखण्डमा गएको पहिरोले दुईवटा यात्रुबाहक बस त्रिशूली नदीमा पुऱ्यायो । बसमा सवार यात्रुका अधिकांश आफन्त उक्त समाचार सुन्नेबित्तिकै बोकेर घटनास्थल आइपुगेका थिए ।

उनीहरू विगत तीन दिनदेखि त्रिशूली किनारमा आफन्तहरूको खोजीमा सक्रिय छन् । उनीहरू बिहानदेखि साँझसम्म त्रिशूली किनारमै हुन्छन् । आफन्तलाई जीवितै पाउने आश मार्दै गरेका उनीहरूमा राज्यले सक्नेजति उद्धारमा जुटेन कि ? भन्ने आशंका परेको छ ।

उर्लिएको त्रिशूलीको खोचमा आफन्त त परको कुरा दुईवटा बस नै अहिलेसम्म भेटिएका छैनन् । उनीहरूले खोजी कार्य छिटो गरिदिन अनुनय विनय गरिरहेका छन् ।

(क्रमशः पृष्ठ २ मा)


## त्रिवेणीको गण्डक ब्यारेजमा भेटियो दुई शव

**नवलपुर (प्रस)-** नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को त्रिवेणीस्थित गण्डक ब्यारेजमा दुईवटा शव फेला परेको छ । नारायणी नदीलाई बाँध बाधेर सिँचाइका लागि पानी लगेको ठाउँमा आइतबार साँझ दुईवटा शव फेला परेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का सूचना अधिकारी प्रहरी नायब उपरीक्षक बेदबहादुर पौडेलका अनुसार विनयी त्रिवेणी गाउँपालिका-७ स्थित गण्डक नहरमा दुई पुरुषको शव फेला परेको हो ।

(क्रमशः पृष्ठ २ मा)

# ओली चौथोपटक प्रधानमन्त्री



- राष्ट्रपतिद्वारा धारा ७६ (२) अनुसार ओलीलाई प्रधानमन्त्री नियुक्त
- कम्युनिस्ट नेतामध्ये सर्वाधिक चारपटक प्रधानमन्त्री
- आज शपथपछि पदभार ग्रहण, आजै मन्त्रीमण्डल गठन
- २८ असार २०७८ को सर्वोच्चको परमादेशपछि सत्ताविमुख ओली तीन वर्षपछि सत्ता नेतृत्वमा
- कांग्रेस-एमालेबीच मन्त्रालय बाँडफाडमा सहमति

■ जेबी योञ्जन

**काठमाडौं-** सर्वोच्च अदालतको परमादेशपछि सत्ता नेतृत्वबाट विमुख नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली तीन वर्षपछि प्रधानमन्त्रीमा नियुक्त भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार साँझ संविधानको धारा ७६ को उपधारा (२) अनुसार ओलीलाई प्रधानमन्त्री नियुक्त गरेका हुन् । नेपाली कांग्रेससँगको समझदारी इमान्दारीपूर्वक कार्यान्वयन भए उनी आगामी डेढ वर्ष प्रधानमन्त्रीको कुर्सीमा हुने छन् ।

ओली चौथोपटक प्रधानमन्त्री बनेका हुन् । उनी २०७२ सालमा करिब १० महिना, २०७४ मा करिब ४० महिना र २०७८ मा करिब तीन महिना गरी जम्माजम्मी साढे चार वर्ष जति प्रधानमन्त्री बनेका थिए । यसअघि नेपालको राजनीतिक इतिहासमा कोही पनि कम्युनिस्ट नेता चौथोपटक प्रधानमन्त्री भएका थिएनन् । त्यो रेकर्ड ओलीको नाममा रहने भएको छ ।

ओलीले पद तथा गोपनीयताको शपथ आज लिँदैन छन् । आज बिहान ११ बजे उनलाई राष्ट्रपति पौडेलले शपथ ग्रहण गराउने राष्ट्रपति कार्यालयले जनाएको छ । त्यसपछि ओलीले प्रधानमन्त्रीका रूपमा पदभार सम्हाल्ने छन् । आजै ओलीले कांग्रेस र आफू नेतृत्वको दल एमालेका मन्त्रीहरूलाई समेटेर मन्त्रीमण्डल गठन गर्ने तयारी गरेका छन् । सुरुमा उनले एमालेबाट उपाध्यक्ष विष्णु पौडेललाई उपप्रधान तथा अर्थ र कांग्रेसबाट पूर्वउपभापति प्रकाशमान सिंहलाई पनि उपप्रधानमन्त्री नियुक्त गर्ने बताइएको छ । त्यसपछि मन्त्रीहरूको नियुक्ति गर्ने मन्त्रीका रूपमा चर्चामा रहेका ओलीनिकट नेता योगेश भट्टराईले बताए ।

'कांग्रेसका र एमालेका मन्त्रीहरूलाई समेटेर आजै मन्त्रीमण्डल गठन हुन्छ,' भट्टराईले प्रभावसँग भने, 'मधेस केन्द्रित दलहरूलाई पनि छिट्टै सरकारमा समेट्ने भन्ने छ ।'

(क्रमशः पृष्ठ २ मा)

## ओलीको नियुक्तिविरुद्ध कानुनी चुनौतीको तयारी

प्रमुख प्रतिपक्षी दलको हैसियतमा पुगेको नेकपा माओवादी केन्द्रले ओली सरकार गठन गर्दा राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक प्रावधान मिचेको आरोप लगाएको छ । त्यसविरुद्ध सर्वोच्च अदालत जाने माओवादीको चेतावनी छ । माओवादी केन्द्रका सांसद माधव सापकोटाले राष्ट्रपतिले सरकार गठनको आधार मिचेर असंवैधानिक कार्य गरेको र त्यसलाई सच्याउन अदालत जाने बताएका हुन् । तर, कहिले ? टुंगो छैन ।

'यही दिन त नभनौं तर हामी सर्वोच्च जान्छौं । राष्ट्रपतिजीले सरकार गठनको क्रममा मिचेको संवैधानिक प्रावधान सच्याउँछौं,' उनले भने ।

यहीबेला कानुनविद्हरूले पनि राष्ट्रपति पौडेलले एमालेका अध्यक्ष ओलीलाई जबरजस्त असंवैधानिक तरिकाले नियुक्त गरेको बताएका छन् । पूर्वमहान्याधिवक्ता तथा वरिष्ठ अधिवक्ता मुक्ति प्रधानले राष्ट्रपतिले संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्रीको लागि आह्वान गरेर असंवैधानिक कदम उठाएको बताए । 'संविधानका धारा ७६ (२) अनुसार नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत नपाएपछि स्वतः ७६ (३) मा जानुपर्ने थियो । तर, राष्ट्रपतिले असंवैधानिक कदम उठाएर प्रधानमन्त्रीका लागि दाबी पेस गर्न आह्वान गर्नुभएको छ । यसले राष्ट्रपतिको संविधानको रक्षकको भूमिका रहन सक्नुभएन,' प्रधानले भने ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# हल्ला र अलमलमै बित्यो श्रममन्त्री अर्यालको चार महिना

■ प्रभाव संवाददाता



मन्त्री भएर अर्यालले चार महिनामा मन्त्रालय र यसअन्तर्गतका विभाग तथा निकायका कर्मचारीलाई सधैं मनोवैज्ञानिक दबाबमा राखेर काम लगाउनुबाहेक अन्य उपलब्धि हासिल गर्न नसकेको सरोकारवालाहरू बताउँछन्

**काठमाडौं-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री भएको चार महिनामा डोलप्रसाद अर्याल बिदा भए । सत्ता समीकरणमा आएको फेरबदलका कारण उनको मन्त्री पद गइसकेको छ । अर्यालले चार महिनाको अवधिमा मन्त्री भएर वैदेशिक रोजगार क्षेत्रमा उल्लेखनीय कुनै काम गर्न सकेनन् । वैदेशिक रोजगार व्यवसायीहरूको भनाइमा 'हल्ला गरेरै' मन्त्रालयबाट बिदा भए ।

श्रम मन्त्रालयको काम वैदेशिक रोजगारीको क्षेत्रमात्र नभई अन्तरिक श्रम र रोजगारको क्षेत्र पनि हेनुपर्ने भएकाले आन्तरिकतर्फ केही प्रयास गरे पनि सम्झनलायक कुनै काम गर्न सकेनन् । मन्त्रालयमा मन्त्री भएको एक हप्तामै वैदेशिक रोजगारीमा जाने कामदारहरूको सुविधाका लागि भन्दै एक घण्टामा श्रम स्वीकृति दिने घोषणा गरेर चर्चा बटुलेका अर्यालले त्यसको दीर्घकालीन समस्या समाधानमा कुनै पहल नगरी चार महिना बिताए ।

एक घण्टामा श्रम स्वीकृति दिने भन्ने कुरा पनि हल्लामात्र थियो । यो अभ्यास वैदेशिक रोजगार विभागले पहिलेदेखि गर्दै आएको थियो । सबै कागजात र प्रक्रिया पूरा गरेकालाई श्रम स्वीकृति दिनु एक घण्टा नभई दुई मिनेटको काम भएको विभागकै कर्मचारीहरू बताउँछन् । मन्त्रीले एक घण्टे श्रम स्वीकृति भनेर फुके, वाहवाही पनि कमाए, तर त्यसलाई थेग्नसक्ने प्रविधि 'अपग्रेड' गर्न कुनै चासो नदेखाएको एक अधिकारीले बताए ।

मन्त्री भएर अर्यालले चार महिनामा मन्त्रालय र यसअन्तर्गतका विभाग तथा निकायका कर्मचारीलाई सधैं मनोवैज्ञानिक दबाबमा राखेर काम लगाउनुबाहेक अन्य उपलब्धि हासिल गर्न नसकेको सरोकारवालाहरू बताउँछन् । वैदेशिक रोजगारीको क्षेत्रलाई श्रमिकमैत्री बनाउने भन्दै श्रमाधान योजना सार्वजनिक गरे, विशेष महत्त्व दिएर सार्वजनिक गरेको श्रमाधान योजना अहिले अलपत्र परेजस्तै छ ।

श्रमाधानलाई अलि सक्रिय जस्तो देखाउन वैदेशिक रोजगार बोर्डमा कल सेन्टर राखेर फोनमार्फत कामदारको गुनासो, समस्या र जिज्ञासा सुन्ने व्यवस्था गरे । त्यसबाहेक अन्य कुरा सुस्त छन् । त्यही कल सेन्टरमा पनि कामदारले चाहेको बखत आफ्नो कुनै कुरा राख्न पाउँदैनन् । सरकारले वैदेशिक रोजगारीमा गएका कामदारहरूको गुनासो, समस्या र उजुरी सुनुवाइका लागि पहिलेदेखि कल सेन्टर सञ्चालन गरिरहेकै थियो । यसमा अर्यालले मन्त्री भएर आएपछि नाम फेरेर श्रमाधान कल सेन्टर बनाए ।

इन्द्रेणीको सप्तरंगीसँग तुलना गर्दै श्रमाधान योजना प्रस्तुत गरेका अर्यालले यससँग मेल खाने कुनै कार्यक्रम अगाडि बढाउन सकेनन् । उनले वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन चाहिने नीतिगत निर्णय पनि गर्न/गराउन सकेनन् ।

अर्यालले स्वदेशमा नै रोजगारी सिर्जना गराउने र रिटर्नीहरूलाई नेपालमै उद्यमशील बनाउने योजना अघि सारे । सातै प्रदेशमा श्रमाधान रोजगार मेला आयोजना गराए । तर त्यसमा भएको खर्च पारदर्शी नभएको, वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले जम्मा गरेको कल्याणकारी कोषको पैसा दुरूपयोग गरेको र उपलब्धि शून्य भएको भन्दै चौतर्फी आलोचना भयो । श्रमाधान रोजगार मेला आयोजना गर्दा भएको आर्थिक अनियमितताको सम्बन्धमा अर्यालले अख्तियार धाउनुपर्ने अवस्था आउनसक्ने मन्त्रालयकै कर्मचारीहरूको भनाइ छ ।

अझ रोचक कुरा के छ भने अर्याल मन्त्री भएलगत्तै पूर्वमन्त्री शरतसिंह भण्डारीले गरेका मन्त्रीस्तरीय केही निर्णय र कार्यविधि विवादित भएको भन्दै यसको अध्ययन गर्न मन्त्रालयका सहसचिव गोविन्दप्रसाद रिजालको संयोजकत्वमा तीन सदस्यीय कार्यदल बनाएका थिए । तर, त्यो कार्यदलले के कस्तो प्रतिवेदन बनायो र मन्त्रीलाई बुझायो भन्ने कुरा अर्यालले मन्त्रालय छाड्ने बेलासम्म सार्वजनिक गरिएन ।

(क्रमशः पृष्ठ २ मा)




**पृष्ठ १ बाट क्रमशः**

## ओली चौथोपटक...

कांग्रेस-एमालेले मन्त्रालयको संख्या र मन्त्रालय भागबण्डा पनि टुंग्याएका छन् । दुवै दलका शीर्ष नेताहरू (शेरबहादुर देउवा-ओली)बीच भएको समझदारीअनुसार कांग्रेसले नौ र एमालेले आठ वटा मन्त्रालय लिने भएका छन् । स्रोतका अनुसार एमालेले अर्थसहित आठ मन्त्रालय र कांग्रेसले गृहसहित नौ मन्त्रालय लिने समझदारी जुटेको हो । जसअनुसार एमालेले अर्थ, भौतिक पूर्वाधार, सञ्चार, शिक्षा, उद्योग, सामान्य प्रशासन र भूमि व्यवस्था मन्त्रालयको नेतृत्व गर्ने छ । कांग्रेसको भागमा गृह, रक्षा, ऊर्जा, स्वास्थ्य, सहरी विकास, पर्यटन, कानुन, परराष्ट्र र वन मन्त्रालय परेका छन् । कुन मन्त्रालयमा कसलाई पठाउने भन्नेबारे दुवै दलमा आन्तरिक गृहकार्य चलिरहेको छ । उपप्रधानसहित अर्थमा एमालेबाट पौडेल र उपप्रधानमन्त्रीमा कांग्रेसबाट सिंहको नाम टुंगो लागिसकेको छ । तर, अन्य मन्त्रालयमा टुंगो लागिसकेको छैन ।

यद्यपि, गृहमा भने कांग्रेसले प्रमुख सचेतकसमेत रहेका रमेश लेखकलाई पठाउने तयारी गरेको छ । उसो त गृहमन्त्रीमा पार्टीका सहमहामन्त्री किशोरसिंह राठोरको पनि दाबी छ । कांग्रेसबाट परराष्ट्रमन्त्री सभापति देउवापत्नी आरजु राणा हुने करिब निश्चितजस्तै छ । अन्य मन्त्रालयमा भने कुन नेतालाई पठाउने ? देउवा आन्तरिक छलफलमा छन् ।

देउवा क्याम्पबाट अरू को-को मन्त्री बन्छन् ? टुंगो लागेको छैन । तर, पार्टीको संस्थापनइतर पक्षबाट भने चार जना नेताको नाम मन्त्रीका लागि सिफारिस भएको छ । संस्थापनइतर पक्षका नेता डा. शेखर कोइरालाको रोजाइमा रामनाथ अधिकारी, हृदयराम थानी र तेजुलाल चौधरी तथा महामन्त्री गगन थापाको जोडबलमा प्रदीप पौडेललाई मन्त्री बनाउन सिफारिस भएको छ । यसअघि यो समूहबाट सहमहामन्त्री जीवन परियार र डा. चन्द्र भण्डारीलाई मन्त्री बनाउने चर्चा थियो । त्यसविपरीत यस समूहबाट मन्त्रीको नाम सिफारिस भएको हो । ओली सरकारमा यो समूहबाट तीन जना मात्रै मन्त्री बन्ने छन् ।

एमालेबाट भने सम्भावित मन्त्रीहरूमा उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, सचिवहरू योगेश भट्टराई र छविलाल विश्वकर्मा, गीता शर्मा, विद्या भट्टराई, तारा लामा, दामोदर भण्डारी, पदम गिरीलगायत मन्त्री बन्ने चर्चा छ । मन्त्री छान्ने जिम्मा अधिकार ओलीकै छ । उनले आफ्नो स्पिरिट बुझ्ने र परिपक्व नेतालाई मन्त्री बनाउने तयारी गरेको भट्टराई बताउँछन् ।

मधेस केन्द्रित दलहरू जनता समाजवादी पार्टी (जसपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीबाट एक-एक जना मन्त्री बनाउने तयारी ओलीको छ । लोसपाले त अध्यक्ष महन्थ ठाकुरलाई मन्त्री छान्ने जिम्मेवारी दिइसकेको छ । अन्य दलले भने मन्त्री छान्ने जिम्मा नेतृत्वलाई दिइसकेका छैनन् ।

ओलीले यसपटक परिणाम दिने खालका सांसदलाई मात्रै मन्त्री बनाउने तयारी गरेका छन् । सचिव भट्टराईले भने, 'पुँजीगत खर्च यसपटक ५५ प्रतिशतजति भयो । यो भनेको लक्ष्यअनुसार भएन,' उनले भने, 'वैदेशिक लगानी उल्लेख्य मात्रामा भित्रिएन । सुशासन कायम गर्नुपर्छ । त्यसले गर्दा उहाँले काम गर्न सक्नेलाई मन्त्री नियुक्त गर्नुहुन्छ ।'

ओलीले सरकार गठनका लागि शुक्रबार १६६ जना सांसदको समर्थनसहित राष्ट्रपति पौडेलसमक्ष दाबी पेस गरेका थिए । उनी ७२ वर्षअघि पूर्वी पहाडी जिल्ला तेह्रथुमको आठराईमा बुबा मोहनप्रसाद ओली र आमा मधुमाया ओलीबाट जन्मिएका थिए । उनको परिवार उनी १० वर्षको उमेर हुँदा झापा बसाइँ सरेको थियो । २००७ सालपछि झापामा गठित समानान्तर सरकारका मन्त्रीसमेत रहेका रामनाथ ढकालको हत्या आरोपमा उनी १४ वर्ष जेल बसेका थिए । तर, ओली भने लोकतन्त्रका लागि लड्ने क्रममा पक्राउ परेको र कसैलाई हत्या नगरेको जिकिर गर्छन् ।

■■■

## ओलीको नियुक्तिविरुद्ध...

उनले संविधान संशोधनको नाममा कांग्रेस र एमालेले पुरानै संविधान ब्युँताउने तयारी गरेकोतर्फ सचेत गराए । उनले थप भने, 'संविधान संशोधनको नाममा दुई पार्टीका नेताहरूले नाडी छाम्ने काम गरेका छन् । यसको प्रतिवाद जनताले गर्ने छन् । संसद्को सबैभन्दा ठूलो र दोस्रो ठूलो पार्टी मिलेर उद्देश्यहीन र गन्तव्यहीन यात्रा सुरु गरेका छन् ।'

स्वतन्त्र कानुन व्यवसायी मञ्चका अध्यक्ष तथा अधिवक्ता यज्ञमणि न्यौपानेले राष्ट्रपतिले संविधान धारा ७६ (२) अनुसार प्रधानमन्त्रीको लागि दाबी पेस गर्न आह्वान गरेर संविधान च्यात्ने काम गरेको बताए । उनले राष्ट्रपति संविधानको रक्षक हुनुपर्नेमा भक्षक भएको टिप्पणी गरे । 'संविधानको अपव्याख्या गरेर राष्ट्रपतिले गैरसंवैधानिकरूपमा प्रधानमन्त्री नियुक्ति गर्नुभएको छ । यो संविधानमाथिको घात हो, संविधानको बलात्कार हो, यो विषय अदालत जान्छ,' उनले भने । प्रधानमन्त्रीका रूपमा ओलीले शपथ ग्रहण गरेपछि मात्रै सर्वोच्चमा रिट दायर गरिने बताइएको छ ।

■■■

## राज्यले सक्नेजति...

तीन दिनको खोजीले उल्लेख्य सफलता नमिलेपछि आइतबार गृहसचिव एकनारायण अर्याल, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल घटनास्थल आइपुगे । उनीहरूलाई घटनास्थलमा रहेका बेपत्ता परिवारका सदस्यहरूले आफ्नो परिवारका सदस्यहरूको छिटो खोजी गरिदिन आग्रह गरे ।

मामाको छोरो (भाइ) त्रिशूलीमा बेपत्ता भएपछि खोजीका लागि हेटौंडाबाट आएका नकुबहादुर थापा अहिलेको तरिकाले बेपत्ताहरू भेट्टाउनै मुस्किल हुने भन्दै अरू विधि अपनाउन आग्रह गरे । उनीले गृहसचिवको टोलीसँग गुनासो गरे, 'उच्च प्रविधिको प्रयोग गरेर बेपत्ताको खोजी गरिदिनुहोस् ।'

रौतहटबाट भाइ खोज्न आएका मोहन दास अहिले पनि कतै भेटिन्छ कि भन्ने आशमा नै छन् । तीन दिनदेखि आएर नदीतिरै हेरेर मात्रै बस्नुपरेको बताउँदै उनले छिटोभन्दा छिटो बेपत्ताको खोजी गरिदिन अनुरोध गरे । यातायात व्यवसायी महासंघका अध्यक्ष सरोज सिटौलाले दुईवटा बसमा सवार यात्रुहरूको खोजीमा तदारूपता देखाउन आग्रह गरे ।

उनीहरूको गुनासो सुनेपछि गृहसचिव अर्यालले उद्धारका लागि काम भइरहेको बताए । उनले भने, 'छिटोभन्दा छिटो उद्धार सामग्रीहरू उपलब्ध गराउने विषयमा काम भइरहेको छ, चीन र भारत सरकारबाट पनि सामग्री उपलब्ध गराउने कुरा भएको ।' विपद् प्रतिकार्य योजना तयारी गरी काम भइरहेको बताउँदै उनीले शवहरू पहिचान र मृतकका परिवारलाई राहत दिने एवं यहाँ उठेका कुरामा गृह मन्त्रालयले नेपाल सरकारलाई जानकारी गराउने बताए । यहाँको वस्तुस्थिति प्रधानमन्त्री र गृहमन्त्रीलाई जानकारी गराइने उनीले बताए ।

टोलीले घटनास्थलको स्थलगत अवलोकन र उद्धार कार्यबारे जानकारी लिएको थियो । हालसम्म घटनास्थलभन्दा तल नारायणी नदी किनारमा पाँचवटा शव फेला परेका छन् । प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार पहिचान खुल्नेमा भारतको बिहार बेतिया जिल्ला पश्चिम सम्पारण २२ का ४० वर्षीय सजाद अन्सारी, भारतकै जयप्रकाश ठाकुर, माडी नगरपालिका वडा नम्बर १ का २२ वर्षीय विकास परियार, सर्लाही बरहथवा नगरपालिका वडा नम्बर ३ का १९ वर्षीय रमितकुशर माझी र भारतको बिहार सितामणी बर्गिनिया जमुहवा बस्ने २८ वर्षीय ऋषि पल साह रहेका छन् ।

यही असार २८ गते बिहान ३:३० बजेको समयमा भरतपुर महानगरपालिका वडा नं. २९ नारायगढ-मुग्लिङ सडकखण्डको सिमलताल भन्ने स्थानमा वीरगञ्जबाट काठमाडौंतर्फ गइरहेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स लेखेको यात्रुवाहक बस र काठमाडौंबाट गौरतर्फ जान आउँदै गरेको बागमती प्रदेश ०३२४९५ ख ००१- नम्बरको गणपति डिलक्स बस त्रिशूली नदीमा खसेका हुन् । ती दुई बसमा यात्रु चलानीका आधारमा ५१ जना यात्रु सवार भएको पुष्टि भएको थियो । तीमध्ये तीन जना पौडिएर उत्रिएका थिए । उनीहरूको अवस्था सामान्य छ । उद्धारमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना जुटिरहेको छ । रासस

■■■

## त्रिवेणीको गण्डक...

शव भेटिएको स्थानमा त्रिवेणी चौकीबाट प्रहरी नायब निरीक्षक महेश रायमाझीको नेतृत्वमा पाँच जना तथा इलाका प्रहरी कार्यालय दुम्कीबासबाट प्रहरी निरीक्षक पदम थापाको नेतृत्वमा छ जनाको प्रहरी टोली परिचालन गरिएको पौडेलले बताए ।

दुवै शव शुक्रबार बिहान चितवनको भरतपुर-२९ सिमलतालबाट पहिरोले बगाएको बसको यात्रु हुनसक्ने आशंका गरिएको छ । शवको पहिचान खुल्न सकेको छैन । शवबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

■■■

## हल्ला र अलमलमै...

यद्यपि कार्यदलले दिएकै प्रतिवेदनका आधारमा पूर्वमन्त्री भण्डारीले ल्याएका जापान र इजरायलमा कामदार पठाउने तथा अभिमुखीकरण तालिम सञ्चालनसम्बन्धी कार्यविधि रोकेर अर्यालले आफू श्रमिकमैत्री मन्त्री भएको सन्देश दिन खोजेका थिए । उल्लिखित कार्यविधिमा जापान र इजरायलमा मापदण्ड नतोकी म्यानपावरमार्फत कामदार पठाउने र अभिमुखीकरण तालिम तीन दिनको बनाएर ७०० रूपैयाँ लिने गरिएकोमा २८ सय पुर्‍याउने उल्लेख भएकाले विवादित बनेको थियो । यसलाई रोकेर अर्यालले जस लिने प्रयास गरे । तर चार महिनासम्म यसको विकल्प दिन सकेनन् ।

व्यवसायीहरूको राख्दै आएका कतिपय सम्बोधन गर्नुपर्ने मागहरू बेवास्ता गरेका अर्यालले युरोपको मागपत्र प्रमाणीकरणमा कुनै चासो देखाएनन् । न त युरोपेली मुलुकमा नेपाली कामदार पठाउने सम्बन्धमा कुनै ठोस पहल गरे ।

## भूलसुधार

मिति २०८१।०३।३० गते प्रभाव दैनिकको तेस्रो पृष्ठमा प्रकाशित **सोलुदुधकुण्ड नगरपालिका, सल्लेरी, सोलुखुम्बुको सूचनामा बोलपत्र हुनुपर्नेमा** अन्यथा भएकोले सच्याइएको छ ।


### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/३१ गते)

श्री छत्रमान कटुवालको नातिनि, श्री हुकुम बहादुर कटुवाल/श्यामा कटुवालको छोरी, यादव बहादुर भण्डारीको श्रीमती स्व.हेमा कटुवाल भण्डारी, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ८ स्थायी बसोबास भई हाल कोशी प्रदेश, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ९ बि.पी चोक घर भएकी हेमा कटुवाल भण्डारीको ४० वर्षको उमेरमा मिति २०८१/०२/१७ मा निधन भएकोले निजको नाममा यस बैंकको ईटहरी शाखामा रहेको बचत खाता, खाता नं.००७०००७६४०१००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनी निज खातावालाको श्रीमान यादव बहादुर भण्डारीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय ईटहरीमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय ईटहरी, सुनसरी फोन नं. ०२५-५८६६६१/५८६६५९



### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मितिः २०८१/०३/३१**

यस कम्पनीको मिति २०८०/१२/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ईरिस हाउजिङ् प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लाओती ग्रुप इन्भेष्टमेन्ट एण्ड व्युलडर्स** प्रा.लि.(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१२/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लाओती ग्रुप इन्भेष्टमेन्ट एण्ड व्युलडर्स** प्रा.लि. (प्रा.लि.नं. ४५२७७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



### शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सुचना

**प्रथमपटक सूचना प्रकाशित मिति : २०८१/०३/३१**

यस रानीथान सा.व.उ.स. दुधौली नगरपालिका-०५ सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना २०८०/०८१ अनुसार डिभिजन वन कार्यालय सिन्धुलीको वन पैदावर संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा मध्ये समूहको आन्तरिक खपत भई बाकी रहेको गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय सिन्धुली (सिन्धुली माढी) को च.नं. २५१४ मिति २०८१/०३/३० को बाहिय लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान १९२ को २२२४.२६ क्यूफिट काठ तथा दाउरा ३.७५ चट्टा हाल जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सूचना टाँस गरिएको छ ।

-रानीथान सा.व.उ.स.
दुधौली न.पा.-०५ सिन्धुली



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७८/०४/११ मा दर्ता भएको प्रा.लि.नं. २६५६५६ को **एब्सोल्युट बेसिक सर्जिकल होम प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७५/११/१४ मा दर्ता भएको प्रा.लि.नं. २०९६०१ को **सहृदय उद्यमशीलता प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८१/०३/३१

यस कम्पनीको मिति २०७९/०४/०७ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **एभरेष्ट शेर्पा एक्पिडिशन प्रा.लि.** (प्रा.लि. नं. २८९०४६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०४/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एभरेष्ट शेर्पा एक्सपिडिसन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/३१ गते)

सन्तविर सार्कीको नाति, रत्न बहादुर सार्कीको छोरा माइत सरी सार्कीको पति उदयपुर जिल्ला, कटारी न.पा. वडा नं ०४ (साविक: कटारी गाउँ पञ्चायत वडा नं. ५, उदयपुर) बस्ने चन्द्र बहादुर सार्कीको मिति २०८१/०२/३० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको कटारी शाखामा रहेको बचत खाता नं.२५३०१६१०४७८००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको नातिनीले यस बैंकको शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय कटारीमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय कटारी, उदयपुर फोन नं. ०३५४५०४५८



### तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**पदः** Accountant -1 (M/F)
(PRO) Public Relations Officer-1 (M/F)

**योग्यताः**
- कम्तिमा ३ वर्षको अनभव
- उत्कृष्ट सञ्चार क्षमता
- नेपाली र अंग्रेजी भाषामा दक्षता


**तलबः आपसी समझदारीमा**

**आवेदन प्रक्रियाः**
आवेदन पत्र र आवश्यक कागजातहरु यस विज्ञापन प्रकाशित भएको मितिबाट ७ दिनत्रि तलको ठेगानामा पठाउनुहोला :

**नोटः केवल छोट-सूचीकृत उम्मेद्वारहरूसँग मात्र सम्पर्क गरिनेछ ।**

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal
Tel: 9807797030, 9851320099, 9851092233
Email: info@teslaoverseas.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार ३१ गते २०८१, सोमबार

| | |
|---|---|
| **मेष** | बिछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट । |
| **वृष** | मिहिनेतले उपलब्धि हासिल हुने । |
| **मिथुन** | सेवामुलक कामबाट धनलाभ प्राप्त हुने । |
| **कर्कट** | हडबड गर्नाले काममा बाधा पुग्ने । |
| **सिंह** | काममा प्रतिस्पर्धा बढ्न सक्छ । |
| **कन्या** | आत्माविश्वासको कमीले काममा पछिपरिने । |
| **तुला** | स्वास्थ्यमा ध्यान पुर्‍याउनु पर्ने छ । |
| **वृश्चिक** | टाढाको यात्राको सम्भावना हुनेछ । |
| **धनु** | अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ । |
| **मकर** | मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ । |
| **कुम्भ** | धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ । |
| **मीन** | व्यस्तताले शरिर कमजोरीको अनुभुति हुने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ३१ गते, २०८१, १५ जुलाई, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.३६ | १३३.९६ |
| युरो | १ को | १४५.२४ | १४५.८९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.८८ | १७३.६६ |
| स्विस फ्रैन्क | १ को | १४८.९१ | १४९.५८ |
| अस्ट्रेलियन डलर | १ को | ९०.३३ | ९०.७४ |
| क्यानाडियन डलर | १ को | ९७.९१ | ९८.३५ |
| सिँगापुर डलर | १ को | ९९.३३ | ९९.७७ |
| जापानी येन | १० को | ८.३९ | ८.४३ |
| चिनियाँ युआन | १ को | १८.३९ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५६ | ३५.७२ |
| कतारी रियाल | १ को | ३६.५७ | ३६.७४ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३१ | ३६.४७ |
| मलेसियन रिङेट | १ को | २८.५६ | २८.६९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६९ | ९.७४ |
| स्विडिस क्रोनर | १ को | १२.६४ | १२.७० |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३६.४४ | ४३८.४१ |
| बहराइन दिनार | १ को | ३५३.८० | ३५५.३९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदयचन।लउ मा उपलब्ध हुनेछ ।

# बाढीपहिरोमा परी १०८ जनाको मृत्यु

**काठमाडौं (प्रस)–** अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढीपहिरोका कारण हालसम्म १०८ जनाको मृत्यु भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरोलगायत विपद्मा परी आइतबार दिउँसोसम्म १०८ जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा काठमाडौं उपत्यकामा दुई जना, कोशी प्रदेशमा १९ जना, मधेस प्रदेशमा पाँच जना, बागमती प्रदेशमा नौ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा चार जना र सुदूरपश्चिम प्रदेशमा आठ जना रहेका छन् ।

यस्तै उक्त घटनामा परेर ११९ जना घाइते भएका छन् । घाइते हुनेमा काठमाडौं उपत्यकामा आठ जना, कोशी प्रदेशमा ३१ जना, मधेस प्रदेशमा नौ जना, बागमती प्रदेशमा सात जना, गण्डकी प्रदेशमा २८ जना, लुम्बिनी प्रदेशमा नौ जना, कर्णाली प्रदेशमा १६ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना रहेका छन् ।

घाइतेलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको प्रहरीले जनाएको छ । बाढीपहिरोमा परेका ५३ जनाको उद्धार गरिएको र छ जना अझै बेपत्ता भएको प्रहरीले जनाएको छ । बाढीको कारण जम्मा १८२ घर डुबानमा परेको बताइएको छ । यस्तै, २०३ वटा घर, ७५ वटा गोठ, ४१ वटा पुल, एक वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ ।

पाँच सय १६ वटा पशुचौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार ५५२ घर परिवार विस्थापित भएका छन् ।

# उपत्यकाबाट हराएका २१ थान दुईपांग्रे सवारीसाधन फेला

**काठमाडौं (प्रस)–** ट्राफिक प्रहरीले काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट हराएका २१ थान दुईपांग्रे सवारीसाधन फेला पारेर सम्बन्धित धनीलाई बुझाएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले काठमाडौं, भक्तपुर र ललितपुरका विभिन्न स्थानबाट हराएका तथा चोरी भएका १३ मोटरसाइकल र आठवटा स्कुटर फेला पारेर सम्बन्धित धनीलाई हस्तान्तरण गरेको हो ।

कार्यालयका प्रहरी उपरीक्षक विश्वराज खड्काले उपत्यकाको सिंहदरबार, कपन, रामहिटी, गौशाला, नयाँ बसपार्क, बालाजु, टोखा, मालिगाउँ, रानीवन, गौरीघाट, बौद्ध, बुद्धनगर, कालीमाटी, मैतिदेवी र चुनदेवीलगायत विभिन्न स्थानबाट हराएका सवारीसाधन फेला पारेर बुझाइएको जानकारी दिए । हराएका सवारीसाधन खोजी गर्ने क्रममा केही वास्तविक नम्बर प्लेटमा र केही नक्कली नम्बर प्लेट राखेको अवस्थामा फेला परेका प्रहरी उपरीक्षक खड्काले बताए । ट्राफिक प्रहरीले चालु आर्थिक वर्षमा ४१७ सवारीसाधन फेला पारेर सम्बन्धित धनीलाई बुझाएको छ । अवैधरूपमा नेपाल भित्रिएका १७ सवारीसाधनलाई भन्सार कार्यालयमा बुझाइएको खड्काले जानकारी दिए । ट्राफिकले चालु आवमा सवारीसाधन चोरी गर्ने ४१ जनालाई पक्राउ गरी कारबाहीका लागि प्रहरीकामा बुझाएको छ ।

सवारीसाधन चोरी तथा हराउनबाट जोगाउन आफ्नो साधन सुरक्षित स्थानमा पार्किङ गर्ने, ह्विल लक, चेन लक, ह्यान्डिल लक, डिस्क लकलगायत सुरक्षा साइरनहरू जडान गर्ने तथा मानिसको आवतजावत नहुने एकान्त स्थानमा पार्किङ नगर्न ट्राफिक प्रहरीले अनुरोध गरेको छ ।

# बागमती करिडोरका पुलमुनि पानी जम्दा यात्रुलाई सास्ती

ललितपुर- ललितपुर महानगरपालिका-२ सानेपास्थित बागमती करिडोरमा हरेक वर्ष वर्षात्को समयमा पानी जम्ने समस्याले यात्रुले सास्ती खेप्नुपरेको छ । अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले निर्माणको जिम्मा लिएको बागमती करिडोरको सानेपाको कालोपुल र बल्खुको पुलमुनि हरेक वर्ष पानी जम्ने भएकाले यात्रु समस्यामा परेका छन् ।

पुलमुनि वर्षात्को समयमा पानी जम्ने भएकाले कालोपुलमा सूचना टाँसिएको छ । 'कृपया यो पुलमुनि वर्षात्को समयमा पानी जम्ने भएकाले वैकल्पिक बाटो प्रयोगगरी सुरक्षित यात्रा गर्नुहोला,' बागमती करिडोरस्थित सानेपाको कालो उपलमा उल्लेख गरिएको छ ।

आफूले हरेक वर्ष बागमती करिडोरस्थित कालोपुलमुनि पानी जमेकाले यात्रामा असहज महसुस गरेको मोटरसाइकल यात्री रमेश पन्तले बताए । उनले भने, 'बल्खु पुलमुनि पनि वर्षात्को समयमा पानी जम्ने समस्या छ, सानेपाको कालोपुलमा हरेक वर्ष पानी जमेको छ, जिम्मेवारी निकायले यस्तो कुरामा ध्यान नदिएकाले हामीले दुःख पाएका छौं ।'

त्यस्तै अर्का मोटरसाइकल यात्री पवनकुमार थापाले पनि हरेक वर्ष पुलमुनि पानी जमेकाले ट्राफिक जाम भएर आफूले समस्या भोगेको दुखेसो पोखे । उनले भने, 'पुलमुनि वैकल्पिक बाटो प्रयोगगरी सुरक्षित यात्रा गर्नुहोला भनेर सूचना टाँसेको छ, तर वैकल्पक यात्रा कहाँ गर्ने ?, बाटो साँघुरो भएर ट्राफिक जाम भइदिन्छ, जिम्मेवार निकायले यस्तो समस्याका समाधान चाँडै गर्नुपर्ने हो ।'

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले बागमती करिडोरलाई बागमती सभ्यतासँग जोडेर निर्माण कार्य अगाडि बढाए पनि महानगरपालिका-४ को धोविघाट पुलसम्म करिडोर निर्माणको सकिएको छ । *रासस*

# लागुऔषध कारोबारमा संलग्न मलेसियन नागरिक पक्राउ

काठमाडौं (प्रस)- प्रहरीले झण्डै छ किलो कोकिनजस्तो देखिने पदार्थसहित एक मलेसियन नागरिकलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंको विशेष टोली र प्रहरी वृत्ति लैनचौरको संयुक्त टोलीले आइतबार ठमेलस्थित काठमाडौं सिटी होटलबाट ४७ वर्षीया मलेसियन महिला बाथुमलाई भादिभालोलाई पक्राउ गरेको हो ।

प्रहरीले भादिभालोका साथबाट पाँच किलो ८२० ग्राम कोकिनजस्तो देखिने पदार्थ बरामद गरेको छ । प्रहरी परिसर काठमाडौंले आइतबार यहाँ पत्रकार सम्मेलनमार्फत बरामद गरिएको लागुऔषधसहित महिलालाई सार्वजनिक गरेको हो ।

ती महिलाले छवटा विद्यालय झोलामा 'फल्स बटम' बनाई उक्त पदार्थ थाइल्यान्डको बैंकक हुँदै नेपाल भित्र्याएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले जानकारी दिए । बरामद गरिएको लागुऔषधको अन्दाजी मूल्य २० करोड ३७ लाख रूपैयाँ हुने प्रहरीले जनाएको छ ।

उक्त होटलमा लागुऔषधको कारोबार भइरहेको भन्ने विशेष सूचनाका आधारमा प्रहरीले छापा मारेको थियो । ती महिला मलेसियाबाट १२ जुलाई २०२४ मा लाओस पुगेको, लाओसबाट १३ जुलाईमा थाइल्यान्डको बैंकक हुँदै राति ११:२५ बजे काठमाडौं आएको प्रहरी अनुसन्धानबाट खुलेको छ । निजका साथबाट यही जुलाई १९ मा काठमाडौंबाट मलेसिया फर्कने हवाई टिकट फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ परेकी महिलाले लाओस वा थाइल्यान्डबाट कोकिन ल्याएको प्रहरीको आशंका छ । कोकिन पठाउने लाओस वा थाइल्यान्डमा रहेको र पाउने भारतमा रहेको अनुमान गरिएको छ । ती महिलाले 'मेडियटर'को काम गरेको अर्को व्यक्ति भारतबाट काठमाडौं लिन आएको हुनसक्ने प्रहरीको भनाइ छ ।

'ती महिला पाँच/छपटक नेपाल आएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ,' प्रहरी वरिष्ठ उपरीक्षक रजौरेले भने, 'काठमाडौंलाई 'ट्रान्जिट' बनाएको देखिएको छ, यसबारेमा अनुसन्धान भइरहेको छ ।' पक्राउ परेकी महिला मलेसियाको भाषामात्र बोल्ने भएकाले थप अनुसन्धानमा जटिलता थपिएको उनको भनाइ छ ।

ती महिलाले कोकिन काठमाडौंलाई 'ट्रान्जिट' बनाएर भारत पठाउन लागेको आशंका गरिएको छ । उक्त कोकिन लिन आउने व्यक्तिको खोजी तीव्र पारिएको प्रहरीको भनाइ छ । अहिले ठूलो परिणामको लागुऔषधसँगै पक्राउ परेकी ती महिलाले यसअघि पनि पटक-पटक नेपाल आउँदा लागुपदार्थको ओसारपसार गर्ने गरेको हुनसक्ने निष्कर्षसहित अनुसन्धानलाई व्यापक बनाइएको प्रहरी वरिष्ठ उपरीक्षक रजौरेले बताए ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७४/०७/१३ मा दर्ता भएको प्रा.लि.नं. १७७०७८ को **क्रिस्टल केयर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मितिः २०८१/०३/३१**

यस कम्पनीको मिति २०८१/०२/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **दि सेन्टर ओभरसिज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **इन्टरनेशनल ट्रेड लिङ्कस् रिक्रुटमेन्ट प्रा.लि.**(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०३/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **इन्टरनेशनल ट्रेड लिङ्कस् रिक्रुटमेन्ट प्रा.लि.** (प्रा.लि.नं.२८७२७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०६७/१२/०९ मा दर्ता भएको प्रा.लि.नं. ८१७६६७ को **स्टेण्डर्ड मेडिको एण्ड हेल्थ केयर सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/३१ गते)

भैरव सिंह राईको नाती, नर बहादुर राईको छोरा, मालती राईको श्रीमान मोरङ जिल्ला राजघाट गाउँ पँचायत वडा नं ०१ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला उर्लाबारी नगरपालिका वडा नं. ८ बस्ने श्रीमान गोविन्द राईको मिति २०८१/०१/२६ गते मा मृत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ०२०००४३९५५४०००0१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको श्रीमती श्री मालती राईले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय उर्लाबारी मोरङ्ग फोन नं. ०२१-५४२०६२/६३

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Meridian Overseas P.ltd.** इजाजत नम्बर ६१३/०६२/०६३ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयवाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | नागरिकता नं. |
|---|---|---|
| १. | बुद्धराज कार्की | ०१-०१६३४९ |
| २. | मन्जु शाक्य | ३६०२९ |
| ३. | सृजना श्रेष्ठ | ३७२०२४-४८१८६ |
| ४. | अन्जु शाक्य | २४६७७-३४७-०४४ |
| ५. | लिला भण्डारी | २११०२३-२८३१६ |
| ६. | बिपना खड्का | २६-०१-७३-०१०४४ |
| ७. | अश्मी गुरुङ | ४३-०१-७४-०६६१० |
| ८. | शर्मिला पुन | |

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-014970463, 9851054401

---

## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ACCOMPLISH TECHNICAL SERVICES L.L.C**

पूर्व स्वीकृति मिति: २०८०/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/30 | LT. No. 301526 | चलानी नं.६०२१६४८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 70 | 30 | 1000 | ३६,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AFAQ FOOD COMPANY**

पूर्व स्वीकृति मिति २०८१/03/30 | LT. No. 307485 | चलानी नं. ६०२२२२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kiosk Seller | 2 | 0 | 1600 | ५६,८४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facility Cleaning Worker | 2 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

---

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT !!!
## शुन्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

**COMPANY: ALRAI REAL ESTATE CO.SPC**
**कम्पनी : अल्राइ रियल इस्टेट को. एसपिसि**

Pre Approval Date : 2024-07-14 | LT. No. 307479 | चलानी नं. ६०२२२१९०
पूर्व स्वीकृति मिति : २०८१/03/30 | एल टि न. ३०७४७९ | Invoice No. 60222190

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 0 | 5 | 180 | ७८,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bell Attendant | 5 | 0 | 140 | ६१,०६० | | | | | | | |
| 3 | Housekeeping Attendant | 5 | 10 | 135 | ५८,८८० | | | | | | | |
| 4 | Receptionist/GSA | 0 | 3 | 200 | ८७,२३० | | | | | | | |
| 5 | Waiter | 5 | 8 | 170 | ७४,१४५ | | | | | | | |

**The interview will be conducted in the office on 22nd July, 2024.**
**अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ७ गते हुनेछ ।**

**नोट:** आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५००/- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कसले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने
who will bear the Service Fee By the Employer

**यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**

**Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

**We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**VISION & VALUE OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com| URL: www.vnvnepal.com

---

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SHENZHEN FENGRUN TECHNICAL SERVICES EST**

पूर्व स्वीकृति मिति २०८१/03/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/30 | LT No. 307304 | चलानी नं. ६०२२१९४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 35 | 0 | 1100 | ३९,९१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (GCC) | 50 | 0 | 1300 | ४७,१६५ | | | | | | | |
| 3 | Shattering Carpenter | 50 | 0 | 1300 | ४७,१६५ | | | | | | | |
| 4 | Steal Fixer | 50 | 0 | 1300 | ४७,१६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।**
**सुनसरी, इटहरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।**
**धनुषा, जनकपुर, गल्फ ट्रेनिङ सेन्टरमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. १०७२/०७३/७४
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

---

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CHINA JIANGSU INTERNATIONAL CONSTRUCTION CO**

पूर्व स्वीकृति मिति : २०८१/03/30 | LT. No. 307490 | चलानी नं. ६०२२२१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४३,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Brick, Tile Fixer, Block) | 8 | 0 | 1300 | ४७,१६५ | | | | | | | |
| 3 | Steel Fixer | 25 | 0 | 1200 | ४३,५३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

---

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SHAMS RESTAURANT COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०६/04 | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/30 | LT. No. 292745 | चलानी नं. ६०२०७९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 23 | 0 | 130 | ५७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : COVIT RESTAURANT CO.WLL**

पूर्व स्वीकृति मिति २०८१/03/२८ | LT. No. 307452 | चलानी नं. ६०२२२१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 11 | 0 | 150 | ६५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : FAJER AL ETHIHAD COMMERCIAL CO.WLL**

पूर्व स्वीकृति मिति २०८१/03/२८ | LT. No. 307453 | चलानी नं. ६०२२२१६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher | 5 | 0 | 140 | ६१,०६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner (Indoor) | 4 | 0 | 90 | ३९,२५५ | | | | | | | |
| 3 | Light Vehical Driver | 4 | 0 | 135 | ५८,८८० | | | | | | | |

**कम्पनी : AL NAWFRA RESTAURANT AND CAFE COMPANY**

पूर्व स्वीकृति मिति २०८१/03/२८ | LT. No. 307451 | चलानी नं. ६०२२२१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/helper/labor | 3 | 4 | 90 | ३९,२५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver/light Driver | 3 | 0 | 135 | ५८,८८० | | | | | | | |
| 3 | Waiter | 4 | 4 | 120 | ५२,३४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ओली सरकारको कार्यभार र चुनौती

बालकोटमा बार्दलीको तीन वर्ष बसाइपछि अन्ततः एमाले अध्यक्ष केपी शर्मा ओली आइतबार सिंहदरबार प्रवेश गरेका छन् । संसद्को पहिलो दल नेपाली कांग्रेसले काँध थापिदिँदा ओलीको सिंहदरबार प्रवेश सम्भव भएको हो । २८ असार २०७८ मा कांग्रेसका सभापति शेरबहादुर देउवाले नै सर्वोच्च अदालतको परमादेशका कारण ओलीलाई प्रधानमन्त्रीबाट विस्थापित गरेका थिए । यसपटक उनै देउवाको भरोसाले ओली चौथोपटक प्रधानमन्त्री भए ।

उनी त्यस्तो बेला प्रधानमन्त्री भएका छन्, जतिबेला उनी आफैं झापाको गिरिबन्धु टि–स्टेट काण्डमा मुछिएका छन् । उक्त टि–स्टेटको जग्गा सट्टाभर्ना गर्न पाउनेगरी कानुन बनाएर खर्बौं भ्रष्टाचार गरेको आरोप उनलाई लागेको छ । यही प्रकरणलाई ढाकछोप गर्न उनी प्रधानमन्त्री बनेको टिप्पणी सार्वजनिकवृत्तमा भइरहेको छ । अर्को बहुचर्चित नक्कली भुटानी शरणार्थी काण्डलाई पनि ओलीले ढाकछोप गर्न सक्ने संशय प्रकट भइरहेको छ ।

शुक्रबारमात्रै पूर्वप्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल होस् या रास्वपा सभापति रवि लामिछाने, दुवैले भनेका छन् कि नक्कली भुटानी शरणार्थीकाण्ड र गिरिबन्धुकाण्डको अनुसन्धानले सरकार ढलेको हो । नक्कली भुटानी शरणार्थीकाण्डमा बेचन झा र प्रतीक थापा पक्राउ परेपछि कांग्रेस–एमाले मिल्न पुगेको पनि भन्ने गरिएको छ ।

यसलाई होइन भन्ने पुष्टि गर्न उनले अनुसन्धान प्रक्रिया अघि बढाउनुपर्ने छ । अर्कातिर, दाहाल सरकारका पालादेखि अनुसन्धान भइरहेका टेरामक्स काण्ड, बालमन्दिर जग्गाकाण्ड, टीकापुर जग्गाकाण्डलगायत अनेकन काण्डमाथि ओलीले निर्भीकतापूर्वक अनुसन्धान अघि बढाउनैपर्छ । जसले ओली सरकार सुशासनको पक्षमा उभिएको अर्थ लाग्ने छ । किनभने दाहाल सरकार तुलनात्मकरूपमा सुशासनको पक्षमा अन्य प्रधानमन्त्रीभन्दा बढी उभिएको र त्यसविरुद्ध अप्रेसन चलाउने प्रधानमन्त्रीका रूपमा चिनिन्छन् ।

यस अतिरिक्त ओलीले समानुपातिक निर्वाचन प्रणालीलाई हटाउनेगरी कांग्रेससँग समझदारी गरिसकेको विवरण परिवर्तनविरोधी कदम हुने छ । किनभने जस्तो छ समाज, त्यस्तै संसद् बनाउन समानुपातिक निर्वाचन प्रणालीलाई यथावत् राख्नुपर्छ । बरु, जुन वर्ग, क्षेत्र, जाति, समुदायका मान्छेलाई नीति निर्माण तहमा ल्याउन खोजिएको हो, इमान्दारीपूर्वक ती समुदायबाट संसद्मा ल्याउनुपर्छ । राष्ट्रिय सभामामात्रै समानुपातिक सांसद राख्ने विषय जायज होइन । किनभने राष्ट्रिय सभा सदस्य देशको प्रधानमन्त्री हुन सक्दैन । कानुनतः मिल्दैन । जसले गर्दा राष्ट्रिय सभाबाट समानुपातिक प्रणालीलाई सम्बोधन गर्ने भन्न कुरा त्यति उपयुक्त होइन । अर्कोतिर, समानुपातिकबाट जति संख्यामा सांसदको प्रतिनिधित्व प्रतिनिधिसभामा हुन्छ, त्यति नै संख्यामा प्रत्यक्षबाट सांसद बनाउने भन्ने कुरा त झन् अव्यावहारिक हुन्छ । यसले गर्दा कुनै एक दलको बहुमत ल्याउन प्रत्यक्ष निर्वाचन प्रणालीमात्रै कायम गर्ने अभिप्रायले राज्यको मूलप्रवाहबाट टाढा रहेका समुदायलाई संसद् आउने बाटो छेकिनु हुँदैन । बरु, समानुपातिक निर्वाचन प्रणालीलाई थप व्यवस्थित बनाउन जरुरी छ ।

# विकास प्रयासमा देखिएका चुनौती, सामाजिक न्याय र समृद्धि



■ डा. दिनेशचन्द्र देवकोटा

> समग्र नेपालको हाल चलिरहेको आर्थिक ढाँचामा पुनरावलोकन गरी वैदेशिक व्यापारबाट सामान आयात गर्ने, भ्याटबाट राजस्व संकलन गर्ने, रेमिट्यान्सको पैसा विदेश पठाइ राजस्व उठ्दा रमाउने सोचलाई परिवर्तन गरी नेपालको विशिष्टमा आधारित हरित अर्थतन्त्र, पानी, वन, कृषि, जडीबुटी, वन्यजन्तु र पर्यावरणीय पर्यटनलाई सम्वर्द्धन-प्रवर्द्धन गर्ने सकिने र छरिएको पुँजी एकीकृत भई राष्ट्रिय पुँजी निर्माण हुँदै स्वाभिमानी अर्थतन्त्रको निर्माण र आफ्नै मौलिकतामा आधारित समाजवादउन्मुख बाटोमा अर्थतन्त्रलाई लैजान सकिन्छ ।

आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित बजेट एक हजार ७५१ अर्ब रूपैयाँ भएता पनि संशोधनगरी यस वर्ष एक हजार ५३० अर्बमा घटाइएको छ । यसै सन्दर्भमा, आव २०८१/८२ मा एक हजार ८६० अर्बको प्रस्तावित बजेट संसद्बाट पास भए पनि कार्यान्वयनमा चुनौती देखिन्छ । यसमा वैदेशिक अनुदान आव २०८०/८१ मा ५० अर्ब रूपैयाँ प्रस्तावित भए पनि यस वर्ष जेठसम्म तीन अर्ब रूपैयाँमात्र प्राप्त हुनु दुःखको कुरा हो ।

हामीले विदेशीसँग आर्जन गर्न नसकेको विश्वसनीयता र अरू स्रोतहरूसमेत अनुमान गरिएको तुलनामा उठ्न नसक्नु आफैंमा गम्भीर विषय हो । मुलुकको राजस्व आशातीत परिचालित हुन नसक्नु, पुँजीगत खर्च गर्न नसक्नु, स्वदेश र विदेशबाट ऋण प्रस्तावित कार्यान्वयन हुन नसक्नु तथा साँवा र ब्याज राष्ट्रले तिर्ने ऋणको भार बढ्दै जानु यो परिस्थितिमा अबको समृद्धिको यात्रामा चुनौतीका विषय हुन् । संविधानमा उल्लिखित समाजवाद उन्मुख राज्यव्यवस्था मूलतः लोककल्याणकारी चरित्रको उदार, खुला र प्रतिस्पर्धी हो । तर, संविधानमा जे व्यवस्था भए पनि कार्यान्वयनमा समस्या भने देखिन्छ । यसै विषयमा हामीले विकास प्रयासमा देखिएका चुनौतीहरूको विश्लेषण गरेका छौं ।

### गरिबी र असमानताः

गरिबी र असमानता नेपालको विकासको प्रमुख बाधक हुन् । ग्रामीण क्षेत्रका जनताले पर्याप्त सुविधा र अवसरहरू प्राप्त गर्न नसकिरहेको अवस्थामा शहरी क्षेत्रका जनताहरूले तुलनात्मकरूपमा बढी सुविधा र अवसरहरू पाउँदै छन् । आर्थिक असमानताले सामाजिक असन्तुलन पैदा गरिरहेको छ । उदाहरणका लागि, ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य र शिक्षाको पहुँच सीमित छ, जसले गर्दा गरिबीको चक्रलाई तोड्न कठिनाइ भएको छ ।

### शिक्षा र स्वास्थ्यः

शिक्षा र स्वास्थ्य सेवाहरूको अभाव विकासका लागि अर्को ठूलो बाधा हो । ग्रामीण क्षेत्रका विद्यालयहरूमा आधारभूत सुविधाहरूको कमी छ । शिक्षण स्तर सुधार गर्न र गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सरकारले पर्याप्त स्रोत उपलब्ध गराउनुपर्छ । स्वास्थ्य सेवाहरूमा पहुँच सीमित छ, जसले गर्दा ग्रामीण क्षेत्रका जनताहरूलाई स्वास्थ्य सेवाको पहुँचमा समस्या भएको छ ।

### रोजगारी र व्यवसायः

रोजगारी र व्यवसायको कमीले पनि नेपाललाई आर्थिकरूपमा पछि पारेको छ । युवा वर्ग बेरोजगार छ । यसले गर्दा उनीहरूको क्षमताको सही प्रयोग हुन सकेको छैन । व्यावसायिक वातावरण सुधार गर्न र स्वरोजगार प्रवर्द्धन गर्न ध्यान दिनु आवश्यक छ । बेरोजगारीले गर्दा युवा विदेसिन बाध्य छन् । यसले देशमा 'ब्रेन ड्रेन'को समस्या उत्पन्न गरेको छ । देशको विकासका लागि युवा शक्तिलाई सही ढंगले प्रयोग गर्न सरकारले रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ ।

### पूर्वाधार विकासः

पूर्वाधार विकासमा पनि धेरै काम गर्न बाँकी छ । यातायात, सञ्चार, विद्युत् आदि क्षेत्रहरूमा लगानीको आवश्यकता छ । ग्रामीण क्षेत्रका लागि विशेष पूर्वाधार विकास कार्यक्रमहरू आवश्यक छन् । यसले गर्दा गाउँगाउँमा पनि विकासको पहुँच पुग्न सकोस् । नेपालको भौगोलिक विविधता र कठिनाइका कारण पूर्वाधार विकास चुनौतीपूर्ण छ । ग्रामीण क्षेत्रहरूमा यातायात र सञ्चारको पहुँच सीमित छ । यसलाई सुधार गर्न सरकार र निजी क्षेत्रले मिलेर काम गर्नुपर्दछ ।

### सुशासन र पारदर्शिताः

सुशासन र पारदर्शिता विकासको महत्त्वपूर्ण आधार हो । भ्रष्टाचारले विकास प्रयासहरूमा अवरोध पुऱ्याइरहेको छ । प्रशासनिक प्रक्रियाहरूलाई सरल र पारदर्शी बनाउन आवश्यक छ । यसले गर्दा जनताले सरकारप्रति विश्वास कायम गर्न सकून् । नेपालमा भ्रष्टाचार व्यापकरूपमा फैलिएको छ । यसले विकास प्रयासहरूमा गम्भीर अवरोध पुऱ्याइरहेको छ । प्रशासनिक सुधार र भ्रष्टाचार नियन्त्रणका लागि कडा कदम चाल्नुपर्दछ । पारदर्शिता र जवाफदेहिता बढाउन सरकार र गैरसरकारी संस्थाहरूले मिलेर काम गर्नुपर्छ ।

### वातावरण संरक्षण र जलवायु परिवर्तनः

वातावरण संरक्षण विकाससँगै अघि बढ्नुपर्ने महत्त्वपूर्ण विषय हो । वातावरणीय सन्तुलन कायम राख्न र प्राकृतिक स्रोतहरूको दिगो उपयोग सुनिश्चित गर्न आवश्यक छ । जलवायु परिवर्तनको प्रभावलाई मध्यनजर राख्दै विकास रणनीतिहरू तयार गर्नुपर्छ । यसले गर्दा भविष्यका पिँढीहरूलाई स्वस्थ र सुरक्षित वातावरण मिलोस् । नेपाल प्राकृतिक स्रोतहरूले धनी देश हो । यिनको सही संरक्षण र व्यवस्थापन नगर्ने हो भने वातावरणीय संकट उत्पन्न हुन सक्छ । जलवायु परिवर्तनका चुनौतीहरूलाई सामना गर्न र वातावरणीय सन्तुलन कायम राख्न सरकार, निजी क्षेत्र र नागरिक समाजले संयुक्त प्रयास गर्नुपर्छ ।

### सामाजिक न्यायः

सामाजिक न्यायको सुनिश्चितता विकासको आधार हो । सबै वर्ग र समुदायलाई समान अवसर र सुविधाको पहुँच सुनिश्चित गर्नुपर्छ । लैंगिक समानता, जातीय समानता र सामाजिक समावेशीकरणमा ध्यान दिनुपर्छ, जसले गर्दा समाजको हरेक तप्काले विकासको लाभ प्राप्त गर्न सकोस् । नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो । यहाँ विभिन्न जाति, भाषा र संस्कृतिका मानिसहरू बसोबास गर्छन् । यिनको अधिकार र अवसरको समान सुनिश्चितविना विकास सम्भव छैन । लैंगिक समानता र सामाजिक समावेशीकरणमा विशेष ध्यान दिनुपर्छ ।

### दलाल पुँजीवादको विकासः

सन् १०८० को शुरुदेखि नै नेपालले आर्थिक क्षेत्रमा उच्च व्यापार तथा शोधनान्तर घाटा, बढ्दो बजेट घाटा, मुद्रास्फीति, तथा घट्दो विदेशी मुद्रा सञ्चितिजस्ता समस्याको सामना गर्नुपऱ्यो । सन् १०८५ मा नेपालमा पनि आर्थिक सुधारका नाममा राज्यको भूमिका घटाउने र खुला बजार अर्थतन्त्र अपनाउने अवस्था आयो । व्यापार, वित्तीय र विनिमय प्रणालीको उदारीकरण यसैबेलादेखि सुरु भयो ।

### नेपालको समाजवाद निर्माणः

अहिले नेपाल एकातिर प्रतिस्पर्धी राजनीति, खुला समाज, खुला व्यापार, निजी क्षेत्रको वाहुल्य भएको अर्थतन्त्र, वाह्य सहायतामा आधारित सार्वजनिक वित्त स्थिति, उच्च लगानीका लागि बाह्य पुँजीमाथिको निर्भरता तथा अर्थतन्त्रमा सार्वजनिक क्षेत्रको कमजोर अवस्थितिका बीचमा छ भने अर्कातिर उच्च आर्थिक वृद्धि, सामाजिक न्यायसहितको विकास, सामाजिक सुरक्षा र समृद्धिको बाटोबाट छिटोभन्दा छिटो समाजवादतर्फ संक्रमण गर्नुपर्ने आकांक्षामा पनि छ ।

मुलुकी संहिता कार्यान्वयन, संविधानमा उल्लिखित मौलिक हकको पूर्ण कार्यान्वयन, प्रतिस्पर्धी र समाजप्रति जिम्मेवार निजी क्षेत्रको विकास, शिक्षा, स्वास्थ्यलगायतका आधारभूत सामाजिक सेवामा राज्यको दरिलो उपस्थिति, आर्थिक पूर्वाधारको विकास, सामाजिक संरक्षण र सुरक्षामा राज्यको उत्तरदायी भूमिका, उत्पादनका साधनमा बहुसंख्यक जनताको पहुँच, राष्ट्रिय उद्योगको विकास र न्यायपूर्ण उत्पादन सम्बन्धबाट समाजवादतर्फ अघि बढ्नु आजको मार्गचित्र हो ।

### मुख्य सुधार गर्नुपर्ने क्षेत्र वन, कृषि शिक्षा

वनको सदुपयोग अझै विस्तारीत रूपमा हुन सकेको छैन । वन पैदावरलाई उपयोग गर्ने नीति आवश्यक देखिन्छ । काठजन्य सामग्री आयातबाट अर्थतन्त्रमा गम्भीर असर परेको छ । आयात रोक्ने एउटा उपाय भनेको वन पैदावरको सही उपयोग पनि हो । त्यस्तै कृषि प्रदन देश नेपालमा व्यावसायिक कृषि गर्नु अनिवार्य बनेको छ । आन्तरिक उत्पादनलाई प्राथमिकता दिँदै आत्मनिर्भर र निर्यातमुखी कृषि अहिलेको आवश्यकता हो ।

त्यस्तै, विद्यार्थीको सिकाइको स्तर सुधार्न नसक्नु नेपालको शिक्षा प्रणालीको सबैभन्दा पेचिलो विषय बनेको छ । अर्थतन्त्रसँग जोड्न नसक्नु पनि यसको गम्भीर समस्या हो । यसले विद्यालयदेखि विश्वविद्यालय तहसम्म सार्वजनिक शिक्षामा सरकारले गरेको लगानीबाट न्यून प्रतिफल प्राप्त भएको छ । शिक्षाको गुणस्तरमा देखिएका यी यावत् समस्याका कारण शिक्षाले नेपालको आर्थिक वृद्धिमा अपेक्षाकृत योगदान दिन सकेको देखिँदैन । यस विषयमा पर्याप्त अध्ययन अनुसन्धान र गरमागरम सार्वजनिक बहस निर्माण हुन नसक्नु नेपालका लागि अर्को विडम्बना हो ।

समृद्धिका लागि ठोस कदमः यी सबै मुद्दाहरूलाई मध्यनजर राख्दै नेपालले आफ्नो विकास प्रयासहरूलाई अघि बढाउनुपर्छ । सामाजिक न्याय र समृद्धिका लागि ठोस कदमहरू चाल्न आवश्यक छ, जसले गर्दा सबै नेपालीले विकासको लाभ प्राप्त गर्न सकून् । विकास प्रयासहरूमा सबैको सक्रिय सहभागिता र सहयोगले मात्र देशलाई समृद्धिको यात्रामा अघि बढाउन सकिन्छ ।

समग्र नेपालको हाल चलिरहेको आर्थिक ढाँचामा पुनरावलोकन गरी वैदेशिक व्यापारबाट सामान आयात गर्ने, भ्याटबाट राजस्व संकलन गर्ने, रेमिटचान्सको पैसा विदेश पठाइ राजस्व उठ्दा रमाउने सोचलाई परिवर्तन गरी नेपालको विशिष्टमा आधारित हरित अर्थतन्त्र, पानी, वन, कृषि, जडीबुटी, वन्यजन्तु र पर्यावरणीय पर्यटनलाई सम्वर्द्धन-प्रवर्द्धन गर्ने सकिने र छरिएको पुँजी एकीकृत भई राष्ट्रिय पुँजी निर्माण हुँदै स्वाभिमानी अर्थतन्त्रको निर्माण र आफ्नै मौलिकतामा आधारित समाजवादउन्मुख बाटोमा अर्थतन्त्रलाई लैजान सकिन्छ ।

नेपाललाई सामाजिक न्याय र समृद्धिको मार्गमा अगाडि बढाउन यी चुनौतीहरूलाई समाधान गर्दै सरकार र सरोकारवाला निकायहरूले ठोस कदम चाल्नु आवश्यक छ । समृद्ध नेपालको सपना साकार पार्न सबै क्षेत्रबाट एकजुट प्रयास आवश्यक छ । देशको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार, सुशासन, वातावरण संरक्षण र सामाजिक न्यायमा विशेष ध्यान दिनुपर्छ । यसरी मात्र हामीले समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य प्राप्त गर्न सक्छौं । *रासस*

*(डा. देवकोटा बागमती प्रदेशसभा सदस्य तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन्)*

## मननयोग्य

### चाणक्य नीति

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो ।

शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ । साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ । सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

## पत्र-मञ्जुषा

# राजनीतिक भूकम्प

२०७२ सालमा संविधान बनाइयो । २०७२ साल चैत १२ गते दिउँसो १२ बजे विनासकारी महाभूकम्प गयो । १२, १३ र २९ गते तीन दिनको फरक-फरक भूकम्पले ठूला साना घर भवनहरू ध्वस्त भए जुन कल्पनाबाहिरको सपनाजस्तै भयो । जनताको ठूलो धनजनको क्षति भयो । करिब आठ हजार ७०० जनाको ज्यान गयो । त्यतिबेला जनमानसमा धनी गरिब, ब्रह्मण क्षेत्री आदि घमण्ड कोहीमा देखिएन ।

महिनौं महिना सरकारी विद्यालयमा, टुँडिखेलको खुला मैदानमा, खुलामञ्च र भक्तपुरको सरकारी क्याम्पसमा बास बस्यो । सबैजना एक आपसमा बाँडिचुँडी खाए । सबै मनमा भोलि के होला भन्ने आशामा विवस थिए । आशाको किरण कहिले पाउँछ भनेर आशामै पर्खिए । सरकारले राहत त बाँड्यो तरर एकद्वार प्रणालीबाट राहत बाँडिएन । मनपरितन्त्र भयो, पाउनेले दुईचार पल्ट पाए । पहिलो किस्ता रकम ५० हजार रूपैयाँ पनि पाए । पछि घरबारविहीनलाई घर पनि बनाइदिए । छिमेकी देश भारत र चीनले तथा अरू देशले पनि आपत्को बेला सहयोग गरेको पाइयो ।

२०७२ सालमा संविधान लेखे पनि शासक वर्गले जनताको मर्म कहिल्यै बुझिलिने होइन । खालि स्वार्थैस्वार्थमा पल्टुरामहरू जस्तै कहिले माओवादीको सरकार, कहिले एमालेको सरकार, कहिले कांग्रेसको सरकार बारम्बार राजनीतिक संस्कार नभएको जस्तै भयो । नैतिकवान व्यक्ति कम हुँदै गए । दिउँसै बत्ती बालेर खोज्नुपर्ने बेला भयो, नैतिकता भएका नेता । नेपालको संविधानलाई घरको न घाट जस्तै बनायो । त्यही शेरबहादुर पाँच पल्ट, छ पल्ट, त्यही केपी ओली चार पल्ट, पाँच पल्ट, त्यही पुष्पकमल दाहाल तीन पल्ट, चारपल्ट, त्यही माधव नेपाल, त्यही झलनाथ खनाल, त्यही बाबुराम भट्टराई, त्यही बाहुनवाद ! वाक्क दिक्क लाग्यो ।

बाहुनवादको नीति र गतिले भोलि नेपाल रहला कि न नरहला आमजनसमुदायमा चिन्ता छ । हाम्रो समाजमा देशप्रति न्यानो माया गर्ने संकल्प नभएको राष्ट्रियता कमजोर भएको छ । साधारण मानिसको जति देशप्रति आस्था नबिसाउने ? बाँदरको हातमा नरिवलजस्तो बाहुनहरूको किस्ताबन्दीको राजनीति भइदियो । हो कि होइन ? 'पाउनेले पायो काँचो केरा खाए, खान नहुनेले खाए' भनेजस्तै राजनीतिक अनुशासन केही कुरा थाहा नहुँदा विकराल भएको जनताले महसुस गरेको पाइयो । राम्रो टिभी हेर्नपर्नेमा नराम्रो टिभी हेऱ्यो । रोग नै टिभीजस्तै भयो । ग्यासमा खाना पकायो ग्यास्ट्रिक भइदियो, त्यस्तै प्रेसर कुकरमा मासु भनेर मास पकायो, प्रेसर रोग नै भयो । जनतालाई नै प्रेसर भयो । त्यस्तै मानसिक सन्तुलन हुँदै नहुनेलाई सुगर भन्दियो । कहिले नभएको जात्रा पनि देशमा मञ्चन गरिन्छ ।

एउटा सवारीसाधनको चालक बन्नका लागि चालकको अनुमतिपत्र चाहिन्छ, देश चलाउने नेता बन्न कुनै योग्यता चाहिँदैन ? मात्र शीर्ष नेतालाई रुझाउने योग्यता भए पुग्छ । कर्मशील नेतालाई स्थान पाउँदैन । जसले चाकडीचापलुसी गर्न सक्छ, उसले पार्टीमा स्थान पाउँछ । नेता रिझाउन सके पैसा भए चुनावमा टिकट पाउन कुनै गाह्रो छैन । त्यस्तै परे निर्वाचन जित्न सक्छ, अनि सुन्दर देशमा असल नेता कहाँ पाउनु !

हिजोको अवस्था अर्कै थियो, आज यो अवस्था छैन । अब त केही सोच्नुपर्छ । अब गोजीबाट निकालेर नेता बनाउन परिपाटी अन्त्य हुन आवश्यक छ । विदेशमा पढेको भन्दैमा असल नेता हुन्छ भन्ने छैन । यही देशमा भूगोल जानेको व्यक्ति हुनुपर्छ । अमेरिकाको राजनीतिशास्त्रमा पिएचडी पास गरेर के गर्ने ? नेपालको भूगोल बुझेको छैन भने जनताको आवश्यकता नबुझ्ने नेता भएको देशमा जनताले सुख पाउने कल्पना गर्न सकिन्न । इज्जत, प्रतिष्ठाले पाउने होइन, बरु सुनचाँदी पाउँछ । तर उसको धैर्यता छैन भने त्याग तपस्या सहनशीलतामा निर्भर हुन्छ ।

गुण नभएका डाक्टरलाई डाक्टरसाप भनिँदैन । अहिलेको शासक वर्गहरू फिल्मभन्दा कम्ता छैनन् । यसअघि धेरै काण्ड भए, बालमन्दिरको जग्गा हिनामिना गर्ने सर्वोच्च कमाण्डर गणेशमानकी छोरीले बाबुको रगतको मूल्य पनि बाँकी राखिनन् । त्यस्ता व्यक्तिलाई कडा कारबाही गर्ने हिम्मत पार्टीले गर्नुपर्छ । नत्र के को पार्टी ? बाह्र वर्ष रामायण पढे पनि रामको श्रीमती को ? भन्दा हनुमान भन्ने एमसिसी पास गर्ने, नागरिकता विधेयक पास गर्ने रामचन्द्र पौडेल, शासक वर्गहरूलाई जनताले कहिले बाँकी राख्दैनन् । अति भए खति हुन्छ । साउदी, चीनमा देशघाती काम गर्नेलाई फाँसी दिइन्छ तर नेपालमा अहित काम गर्नेलाई स्वागत गर्छ, जीवनदान दिइन्छ । देश बरबादीमा छ । ट्रिप्परको ठक्कर र राजनीतिको चक्कर बराबर छ ।

*–तुल्सीनारायण लाखेमरू*
*जगाती, भक्तपुर*

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# पुरानो घर सजाए, पर्यटकलाई लोभ्याए

■ रामबहादुर थापा/कृष्ण दवाडी

**गण्डकी–** फेवाताल सिरानको हर्पन खोला तरेर थोरै उकालो चढेपछि आइपुग्छ निरबाने गाउँ । प्रकृतिको काखमा सजिएको निरबाने आफैंमा चित्रमय लाग्छ । ताल, हिमाल, खोलानाला र वनपाखा त्यहाँका आकर्षण हुन् । त्यही गाउँको बीचमा छ ५३ वर्ष पुरानो एउटा ढुंगेनी घर । जहाँ ३८ वर्षीय लक्ष्मण पराजुली सपरिवार बस्छन् ।




वि.सं. २०६८ तिरको कुरा हो । वैदेशिक रोजगारीका लागि उनी दुबई पुगे । नौ वर्ष उतै बिताए । काम र कमाई ठिकै थियो । एक्कासि उनले दुबई त्यागेर घर फर्कने निधो गरे । 'बाह्र घण्टा कामको बोझ र तनाव सहन कठिन भएपछि गाउँमै केही गर्ने सोच लिएर स्वदेश फर्कें,' उनले भने, 'गाउँ आएपछि बुबाले बनाएको पुरानो घरलाई प्रबलीकरण गरेर क्याम्पिङ र 'होमस्टे' व्यवसाय सुरु गरेँ ।'

वि.सं. २०७६ मा नेपाल फर्किएका पराजुलीले सोही वर्षदेखि पर्यटन व्यवसायमा हात हाले । सुरुमा विदेशी पर्यटकलाई लक्षित गरी क्याम्पिङ सेवा सुरु गरे । 'खर्चिला र सौखिन पर्यटक बस लिएर क्याम्पिङका लागि हामीकहाँ आउँथे, कोभिड महामारीपछि त्यसमा कमी आयो अनि होमस्टेतिर लागेँ,' उनले सुनाए । होमस्टे पनि उनले कोभिडकालमै सुरु गरे ।

वि.सं. २०७८ देखि सञ्चालनमा आएको घरबास (होमस्टे) अहिले आन्तरिक तथा बाह्य पर्यटकमाझ लोकप्रिय बनेको छ । 'ढुंगे घर लेक भ्यू क्याम्पिङ एन्ड होमस्टे' सेवामार्फत उनले पाहुनालाई लोभ्याइरहेका छन् । वि.सं. २०२८ मा उनका बुबा गोविन्द पराजुलीले बनाएको ढुंगा, माटो र काठको घर जीर्ण भइसकेको थियो । पराजुलीका बुबाआमा बेँसीमा रहेको नयाँ घरमा बस्न थालेका थिए ।

उनी विदेशबाट फर्केपछि त्यही पुरानो घरको संरक्षण र साजसज्जातिर लागे । करिब आठ लाख रूपैयाँ खर्चेर घरलाई पुरानै स्वरूपमा मर्मतसुधार गरेको पराजुलीको भनाइ छ । घरमा उतिबेलै बनेका झ्यालढोका छन् । पाली र छानो ढुंगाकै छ । आँगनमा पनि ढुंगा ओछ्याइएको छ । रंगरोगन पनि पहाडे शैलीको छ । त्यहाँ पुग्दा विशुद्ध गाउँले परिवेश भेटिन्छ । बढीजसो घरबास (होमस्टे)को आतिथ्यता रुचाउने पर्यटक त्यहाँ पुग्ने गरेका छन् ।

पाहुनालाई घरको भान्सामा जे पाक्छ त्यही खुवाउने गरिएको पराजुलीले बताए । रैथाने जातको चामल, मकै, बारीमै उब्जेको तरकारी, यामअनुसार निउरो, तामा, च्याउलगायत परिकार बनाउने गरिएको उनको भनाइ छ । माछामासुमा पनि स्थानीय जात प्रयोग गर्ने गरिएको उनले बताए । होमस्टेमा सादा खानासहित एक रात बिताएको प्रतिव्यक्ति एक हजार १०० रूपैयाँ र मासुखानासहित एक हजार ३०० रूपैयाँ तोकिएको छ ।

उक्त प्याकेजमा बिहानको खाजा पनि समावेश छ । अतिरिक्त सेवा लिएमा भने छुट्टै पैसा तिर्नुपर्छ । पारिवारिक वातावरण हुने भएकाले होमस्टेमा पर्यटक लोभिने गर्छन् । 'पर्यटकीय याममा त व्यवसायमा भ्याइनभ्याइ हुन्छ, वनभोजका लागि यहाँ आउने पनि उत्तिकै हुन्छन्,' पराजुलीले भने, 'वनभोजका लागि आवश्यक पर्ने सबै बन्दोबस्त हामीले नै उपलब्ध गराउँछौं, कतिपयलाई ठाउँ मात्र भाडामा दिने गरेका छौं ।' फेवाताल, माछापुच्छ्रे, अन्नपूर्णलगायत हिमशृंखला नजिकबाट अवलोकन गर्न पाइने हुँदा उक्त स्थललाई पर्यटकले रुचाउने गरेका हुन् ।

पोखरा महानगरपालिका-२३ मा अवस्थित निरबाने फेवा किनारको हल्लनचोकबाट २५ मिनेटको मोटर यात्रामा पुग्न सकिन्छ । पदयात्रा गर्न रुचाउनेहरू पनि फेवाताललाई देब्रे पारेर खपौदी, पामे हुँदै निरबाने पुग्न सक्छन् । पर्यटकले सहरको कोलाहल छलेर छिनभरमै प्रकृतिको आनन्द लिन सक्छन् । पराजुलीले होमस्टेको क्षमता विस्तार गर्ने योजना बनाएका छन् । अहिले दैनिक २० जना पाहुना राख्ने क्षमता रहेको उनले बताए ।

'सुरुमा परीक्षण गरी हेरौं भनेर होमस्टे सुरु गरेको थिएँ, बर्सेनि व्यवसाय झन्भन्दा झन् राम्रो भएपछि यसलाई विस्तार गर्ने सोचमा छु' उनले भने, 'आफू जन्मेको घरमा सपरिवार बसेर व्यवसायमा रमाइरहेको छु, जुन लगावले यसमा जोडिए, त्यसमा सन्तुष्ट छु ।' व्यवसायमा परिवारका सबै सदस्य खट्छन् । उनका अनुसार अहिलेसम्म बाहिरी कर्मचारी राख्नुपरेको छैन ।

युवाहरूको विदेश पलायन तीव्र बनिरहेका बेला छोरा गाउँ फर्केर घरको चहलपहल बढाएकामा बुबा गोविन्द पनि मख्ख हुनुहुन्छ । बूढेसकालमा सपरिवारसँगै हुन पाउनु पनि खुसीको कुरा रहेको उनले बताए । '२५ रूपैयाँ ज्यालामा कर्मी लगाएर बनाएको घर हो, यही घरलाई अहिले छोराले जोगाएर राखेको छ, सबैले मन पर पराएका छन्,' उनले विगत सम्झिए, 'बिरमकुनाबाट १० रूपैयाँमा ढुंगा बोकाएर छानो छाएको हो ।'

नेपालमा केही हुँदैन भन्ने भाष्य निर्माण गर्न खोजिएका बेला पराजुली विदेशबाट आफ्नै थातथलो फर्केर जीवनमा आशा जगाइरहेका छन् । उन गाउँका अरू युवाका लागि प्रेरणा बनिरहेका छन् । पछिल्लो समय पर्यटन क्षेत्रमा होमस्टे सेवा लोकप्रिय छ । सामुदायिक मात्र नभएर व्यक्तिगत लगानीमा पनि होमस्टे सेवा सञ्चालन हुन थालेका छन् । घरबासमार्फ ग्रामीण पर्यटन प्रवर्द्धन गर्न सरकारी निकायले पनि तत्परता देखाएका छन् । 'एक निर्वाचन क्षेत्र, एक नमूना घरबास' कार्यक्रमअन्तर्गत यस वर्ष गण्डकी प्रदेशका ३३ सामुदायिक होमस्टेले सरकारी अनुदान पाएका छन् ।

गण्डकी प्रदेश सरकारले ३० घरबासलाई १२ लाख रूपैयाँ र तीनवटालाई १० लाख रूपैयाँका दरले अनुदान दिएको हो । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका पर्यटन शाखा प्रमुख डम्मर जिसीका अनुसार अनुदानका लागि ८९ सामुदायिक घरबासले प्रस्ताव पेस गरेका थिए । *रासस*

# मृतक कामदारका परिवारलाई ३० लाख सहायता दिइने

**चौतारा (सिन्धुपाल्चोक)–** सिन्धुपाल्चोकमा निर्माणाधीन ४० मेगावाटको भोटेकोसी-१ जलविद्युत् आयोजनाको डिसेन्डर स्ल्याबको ढलान भत्किँदा थिचिएर मृत्यु भएका दुई कामदारका परिवारलाई प्रवर्द्धक कम्पनीले आर्थिक सहायता प्रदान गर्ने भएको छ ।

भोटेकोशी गाउँपालिका-४ मा निर्माणाधीन आयोजनाको प्रवर्द्धक इलेक्ट्रोपावर कम्पनी लिमिटेडले मृतक कामदार बर्दियाको ठाकुरबाबा नगरपालिकाका रामजीन थारू र सुमन थारूका परिवारलाई प्रतिपरिवार ३० लाख रूपैयाँ आर्थिक सहयोग प्रदान गर्ने भएको हो ।

लेट्रो पावरका आयोजना प्रबन्धक उमेश पराजुलीका अनुसार आयोजना निर्माणको ठेक्का लिएका 'सब-कन्ट्र्याक्टर' कम्पनी बिएमआर कन्स्ट्रक्सन प्रालिका प्रतिनिधि र मृतक परिवारको तर्फबाट वडा अध्यक्षले आर्थिक सहायता दिने लिखित सम्झौतामा हस्ताक्षर गरेका छन् । सहायता रकम १५ दिनभित्र उपलब्ध गराउने सम्झौता भएको छ ।

मृतक दुवै कन्ट्र्याक्टर कम्पनीका तर्फबाट आयोजनामा कार्यरत थिए । पराजुलीका अनुसार सम्झौतामा कम्पनीले मृतक परिवारलाई कामदारको जीवन बिमाबापतको २० लाख रूपैयाँ परिवारको मुद्दति खातामा निक्षेपको रूपमा जम्मा गरिदिने छ । प्रतिपरिवार नगद सात लाख रूपैयाँ र डेढ लाख काजकिरिया खर्चबापत उपलब्ध गराउने छ ।

मृतकका छोराछोरीको १२ कक्षासम्म पढाइ खर्च व्यहोर्ने, आयोजना निर्माण अवधिभर मृतकले पाउने तलब परिवारको खातामा जम्मा गरिदिनेसमेत सम्झौतामा उल्लेख छ । मृतक परिवारका सदस्यलाई आयोजनामा रोजगारी दिने सम्झौता भएको छ ।

आयोजना प्रबन्धक पराजुलीका अनुसार मृतक परिवारमध्ये एक परिवारको दुई वर्षकी छोरी र अर्को परिवारमा मृतककी श्रीमती गर्भवती भएकाले गर्भवतीलाई पोष्टिक आहार तथा स्याहारसुसारका लागि आयोजनाले थप एक लाख रूपैयाँ उपलब्ध गराउने भएको छ ।

आयोजनाको 'डिसेन्डर बेसिनको कभर स्ल्याब' ढलान भत्किँदा उनीहरू यही असार २१ गते थिचिएका थिए । नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानीयलगायतले अविरल वर्षाकैबीच उनीहरूको खोजी सुरु गरेको थियो । *रासस*

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/१०/१३ मा दर्ता भएको **प्रा.लि. नं. ११९००७** को **नित्य नाथ संजिव सर्भिस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०४/२६ मा दर्ता भएको **प्रा.लि. नं. १७२८८६** को **जे.पी. डेभलपर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०३/१० मा दर्ता भएको **प्रा.लि. नं. ३०६५७२** को **रामेछाप इन्भेष्टमेन्ट ग्रुप प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६१/०८/२९ मा दर्ता भएको **प्रा.लि. नं. ३११७९** को **डायमण्ड हाइड्रोपावर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०९/०८ मा दर्ता भएको **प्रा.लि. नं. २०५०५५** को **येति क्राफ्ट क्रियशन्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---


**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १७२/०५६/५७ यस Workforce Services Pvt. Ltd. मा कार्यरत निम्न कर्मचारीहरु सम्पर्कविहिन भएको र हाल यस कार्यालयम कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम | नागरिकता नम्बर |
|---|---|
| राम लक्ष्मी श्रेष्ठ | ११५५८ |
| अनुराधा रुपाखेती | २६-०१-७९-०१४९३ |

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MOHAMMED BIN NASSER BIN NAWAR ALOTAIBI TRADING EST.
पूर्व स्वीकृति मिति: २०८१/०३/२८ | LT. No. 307397 | चलानी नं. ६०२२२१७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Spray Painter Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२०८/०७३/०७४
**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069,
E-mail: overseas4employment@gmail.com



**QATAR/MAURITIUS मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AMIANTIT QATAR PIPES CO WLL
पूर्व स्वीकृति मिति २०८१/०३/३० | LT. No. : 307529 | चलानी नं. ६०२२२२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 40 | 0 | 1000 | ३६,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARWAN ENTERPRISE LTD
पूर्व स्वीकृति मिति २०८१/०३/२८ | LT. No. : 307467 | चलानी नं. ६०२२२१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 30 | 0 | 16500 | ४७,१३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 50 | 0 | 16500 | ४७,१३५ | | | | | | | |
| 3 | Steelfixer | 20 | 0 | 16500 | ४७,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ०८५/०५३/०५४
**INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.**
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: SHERATON JEDDAH HOTEL, OWNED BY SAUDI BROTHERS COMMERCIAL COMPANY
पूर्व स्वीकृति मिति २०८१/०३/३० | LT. No. 307472 | चलानी नं. ६०२२२१८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1900 | ६७,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ६१९/०६३/०६४
**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : FLAVOR BRILLIANT FOR MEALS EST.
पूर्व स्वीकृति मिति २०८०/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/३० | LT. No. 290056 | चलानी नं. ६०२०५२८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 20 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 1342/074/75
**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np


---

## Invitation for E-Bids

### Province Government, Bagamati Province
### Water Resources and Irrigation Development Division, Sindhuli

**Ist Date of publication: 15th July, 2024 (Asar 31, 2081 BS)**

1. Water Resources and Irrigation Development Division, Sindhuli invites electronic bids from eligible bidders for the following contract works under National Competitive Bidding Procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO website www.bolpatra.gov.np/egp.
3. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp before 12:00 hour on 15th Aug, 2024 and Bid opening date is 12:30 hour of 15th Aug, 2024.

| S.No. | Contract No | Description of works | Bid Document Fee (NRs) | Average Annual Construction Turnover(NRs) | Work experience of similar nature and size(NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | IMEP/ Sindhuli /B-1a/CW-59 | Construction/Rehabilation of Shakhamadi Chandaha Irrrigation Sub Project, Tinpatan-2 , Sindhuli | 5000.0 | 33.75 million. | 20.25 million | ADB's Single Stage Two Envelope(1S2E) procedure |
| 2 | IMEP/Sindhuli/ B-1a/CW-60 | Construction/ Rehabilation of Purwari Pachhiyari Irrigation Sub Project, Dudhauli -5, Sindhuli | 5000.0 | 65.47 million | 39.28 million | |

**Note:**
1.Bid validity period is 180 days and bid security period is 30 days beyond bid validity period.
2. Ensure to submit Environmental, Health and Safety Management Plan as per clause 1.7.1 of Section 3 bidding document.

**Division Chief**

# प्रभाव दैनिक





## 'बुलाकी'का लागि दुई गीत रेकर्ड

यही साउन ३२ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'बुलाकी'का लागि दुई गीत रेकर्ड गरिएको छ । गत वर्ष एकदिन प्रदर्शन भएर हलबाट बाहिरिएको फिल्मलाई निर्माण टिमले पुनःप्रदर्शनमा ल्याउन लागेको हो । यो फिल्मको एक मार्मिक गीतमा हालै नेपाल आइडल सिजन–५ विजेता करण परियार र गायिका अनु चौधरीले स्वर दिएका छन् । अर्को एक गीतमा गायिका समीक्षा अधिकारीले स्वर दिएकी छन् । करणका लागि 'बुलाकी' पार्श्व गायनमा डेब्यू फिल्म बनेको छ ।




सोमबार, ३१ असार २०८१ (Monday, July 15, 2024)


राष्ट्रिय आदिवासी संगीत तथा चलचित्र अवार्ड

# २३ विधामा बाँडियो अवार्ड




**काठमाडौं (प्रस)**– 'राष्ट्रिय आदिवासी संगीत तथा चलचित्र अवार्ड'को दोस्रो संस्करण सम्पन्न भएको छ । शनिबार राजधानीमा आयोजित कार्यक्रममा विभिन्न २३ विधामा अवार्ड वितरण गरिएको आयोजकले जनाएको छ । संगीतमा १४ विधा र आदिवासी चलचित्रमा नौ विधा गरेर २३ विधामा अवार्ड प्रदान गरिएको हो ।

समारोहमा पूर्वउपराष्ट्रपति परमानन्द झाले विभिन्न कलाकारलाई सम्मान तथा अवार्ड प्रदान गरेका थिए । दुवै अवार्डको जुरीमा अभिनेता धिरेन शाक्य, चलचित्र निर्देशक दिनेश लिङदेन, संगीत संयोजक शाहस शाक्य र गायक रमेश पाठक थिए ।

अवार्ड समारोहमा आदिवासी चलचित्र चरित्र अभिनेत्रीको अवार्ड सेमेवाबाट पवित्रा लिम्बू, आदिवासी चलचित्र चरित्र अभिनेत्रीको पब्लिक च्वाइस अवार्ड बबिता नेयोहाङ, लिम्बू चलचित्रको अवार्ड युक्पुङ, लिम्बू चलचित्रमै पब्लिक च्वाइइस अवार्ड चलचित्र सेमेवाले प्राप्त गरेको छ । उत्कृष्ट गुरुङ चलचित्रको अवार्ड शिर सुवाले पायो भने शिर सुवाबाटै माओत्से गुरुङले उत्कृष्ट गुरुङ चलचित्रको अवार्ड जिते । चलचित्र जिउनीले जुरी अवार्ड पायो ।

लिम्बू चलचित्र उत्कृष्ट निर्देशकको अवार्ड लोजिमा चलचित्रबाट सागर सुब्बाले, लिम्बू चलचित्र निर्देशकमै पब्लिक च्वाइस अवार्ड सुगुप चलचित्रबाट लोकेन साँवाले प्राप्त गरे । आदिवासी चलचित्र चरित्र अभिनेताको अवार्ड जिउनीबाट अच्युत गुरुङले, गुरुङ चलचित्र अभिनेताको अवार्ड विश्वास गुरुङले चलचित्र शिर सुवाबाट पाए ।

गुरुङ चलचित्र अभिनेताको जुरी अवार्ड आनन्द गुरुङले र पब्लिक च्वाईस अवार्ड टेकबहादुर गुरुङले, लिम्बू चलचित्रबाट उत्कृष्ट अभिनेताको अवार्ड रुद्र पाहिमले प्राप्त गरे । आदिवासी चलचित्र अभिनेत्रीको अवार्ड जिउनीबाट आकृति गुरुङले, आदिवासी चलचित्र अभिनेत्रीको जुरी अवार्ड सृजना माश्राङगी मगरले, लिम्बू चलचित्र अभिनेत्रीको अवार्ड विमला खजुम लिम्बूले, मेकअप आर्टिस्टको अवार्ड उर्मिला लामाले र आदिवासी भेषभूषाको अवार्ड सरु माङमो लिम्बूले सरु ढाका उद्योगबाट प्राप्त गरे ।

समारोहमा वरिष्ठ गायिका तथा चरित्र अभिनेत्री कविता आलेमगरलाई दीर्घ साधना सम्मान र चलचित्र निर्माता तारादेवी लिम्बूलाई राष्ट्रिय सम्मान प्रदान गरियो । यस्तै गुरुङ चलचित्र अभिनेता राजु गुरुङ, अग्रज लोकगायक नमराज ढुंगाना, गायक हिमाल श्रेष्ठ, कलाकार शेरबहादुर गुरुङ, दोहोरी गायिका कालिका रोक मगर र व्यवसायी मिलन लामा पनि सम्मानित भए । आयोजक संस्था क्वालिटी फिल्मस्का अध्यक्ष उमेश गुरुङले आदिवासीहरूलाई मूलधारमा ल्याउन अवार्ड कार्यक्रम आयोजना गर्दै आएको बताए ।

# तारकेश्वर कला प्रतिष्ठानले मनायो भानु जयन्ती



**काठमाडौं (प्रस)**– आदिकवि भानुभक्त आचार्यको २११औं जन्म जयन्ती देश तथा विदेशमा विभिन्न कार्यक्रम गरी मनाइएको छ । यही सन्दर्भमा तारकेश्वर कला प्रतिष्ठानको आयोजनामा शनिबार बालाजु बाइसधारा पार्कभित्र भानुभक्तको सालिकमा माल्याअर्पण तथा कविता वाचन कार्यक्रम गरी मनाइएको छ ।

प्रतिष्ठानका अध्यक्ष उत्तम केसीको सभापतित्व र साहित्यकार/कवि श्रीहरि फुयालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा साहित्यकार भोजराज न्यौपाने, बासुदेव ठकुरी, भीष्मराज ढुंगेल, बालकृष्ण सुवेदी, शम्भु गजुरेल, कृष्णप्रसाद पौडेल, रसुवाली कवी, दिलकुमारी डंगोल र बाल प्रतिभा प्रतिष्ठी भण्डारी, अभिमा घिमिरेलगायतले भानुभक्तसम्बन्धी आ-आफ्ना रचना वाचन गरेका थिए ।

समारोहमा प्रमुख अतिथि श्रीहरिले आदिकवि भानुभक्तको महिमासहित जीवन गाथा वर्णन गरेका थिए । बलराम फुयालले भानुभक्तको कविता र साहित्यको बारेमा चर्चा गरेका थिए । प्रतिष्ठानका अध्यक्ष केसीले भानुक्त रामायणको पंक्तिहरू वाचन गर्दै कार्यक्रम सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए । केसीले कवि श्रीहरि फुयालले हालै एक लाख धनराशिको महाकवि देवकोटा साहित्य पुरस्कार प्राप्त गरेकामा बधाई तथा शुभकामनासमेत व्यक्त गरे ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIMA ALUMINIUM PANELS COMPANY

पूर्व स्वीकृति मिति २०८१/03/30 LT. No. 307473 चलानी नं. ६०२२२२२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ७ गते (22nd July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : L S P M K TECHNICAL SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०७९/०६/०२ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/30 LT. No. 272208 चलानी नं. ६०१८८९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labourer | 15 | 0 | 1000 | ३६,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

